नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

फोन:०१-४२००३३१
४२००३३२
www.mofaga.gov.np
सिंहदरबार, काठमाण्डौ ।

प.सं.: ०७६/७७
च.नं.: २९

मिति २०७६।०६।१०

श्री स्थानीय तह (सबै),

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को च.नं. शि.स्वा./४१२/१६५६ मिति २०७६।०५।३० को पत्र यसैसाथ संलग्न छ । सो पत्रबमोजिम नेपाल सरकारको चालु आ.व. २०७६/७७ को नीति तथा कार्यक्रमको बुदाँ नं १७१ र बजेट वक्तव्यको बुदाँ नं ३८ मा उल्लेख भएको देशभरका सबै सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्राहरुलाई सेनेटरी प्याड निःशुल्क उपलब्ध गराउने नीतिको कार्यान्वयनका लागि नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मिति २०७६।०५।२९ मा बसेको बैठकको निर्णय यसैसाथ संलग्न छ । संलग्न निर्णयहरुबाट तहाँसँग सम्बन्धित बुदाँहरुको कार्यान्वयनको व्यवस्था गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ ।

..............................
बन्दना कर्ण
शाखा अधिकृत

बोधार्थ :
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं ।

श्री सुचना तथा प्रविधि शाखा : website मा Upload गरिदिनुहुन ।

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(शिक्षा, स्वास्थ्य, युवा तथा खेलकुद शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या २०७६/७७
च.नं. :- शि.स्वा./४१२/ १६५६

मिति :- २०७६।०५।३०

श्री अर्थ मन्त्रालय, सिंहदरवार।
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार ।
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरवार।

विषय : निर्णय पठाइएको ।

नेपाल सरकारको चालु अर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रमको बुँदा नं. १७१ र बजेट वक्तव्यको बुँदा नं. ३८ मा उल्लेख भएको "देशभरका सबै सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई सेनेटरी प्याड निःशुल्क उपलब्ध गराउने" नीतिको कार्यान्वियन गर्ने सम्बन्धमा मिति २०७६/०५/२९ मा यस कार्यालयमा बसेको बैठकको निर्णयहरू कार्यान्वियनको लागि यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(कुमारी जानकी कार्की)
शाखा अधिकृत

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकारको चालु आर्थिक वर्ष २०७६।०७७ को नीति तथा कार्यक्रमको बुँदा नं. १७१ मा उल्लेख भएको "देशभरका सबै सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई सेनेटरी प्याड निशुल्क उपलब्ध गराउने" नीतिको कार्यान्वयन गर्ने सम्बन्धमा मिति २०७६।५।२९ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा बसेको बैठकको निर्णयहरु:

१. गुणस्तर र मापदण्ड निर्धारण:

- सेनिटरी प्याडको गुणस्तर तथा मापदण्ड स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निर्धारण गरी उपलब्ध गराउने।

२. बजेट व्यवस्थापन:

- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा साझा कोष (Pool Fund) खडा गर्ने:
    - व्यवसायिक प्रतिष्ठान तथा संघ संगठनहरूलाई संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) वापतको रकम यस कोषमा जम्मा गर्न आह्वान गर्ने।
    - विभिन्न विकास साझेदारहरु एवम् राष्ट्रिय तथा अन्तरराष्ट्रिय गैरसरकारी संस्थाहरूलाई पनि यस कोषमा रकम जम्मा गर्न आह्वान गर्ने।
    - यस कोषमा रहेको रकमका अतिरिक्त सेनेटरी प्याड वितरणको लागि आवश्यक पर्ने बजेट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अर्थ मन्त्रालयसँग समन्वय गरी स्थानीय तहलाई उपलब्ध गराउने।
- स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइसँगको समवन्वयमा सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूको सङ्ख्या तथा सेनिटरी प्याडको लागि आवश्यक पर्ने बजेट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले यकिन गर्ने।

३. सेनिटरी प्याडको प्रयोग र विसर्जन:

- सेनिटरी प्याडको प्रयोग र वातावरण प्रतिकुल नहुने गरी विसर्जन व्यवस्थापनको लागि विभिन्न तहमा आवश्यक पर्ने अभिमुखीकरण तालिम तथा प्राविधिक सहयोग सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय

सचिव सचिव

तह र अन्य सम्बन्धित निकायसँगको समन्वयमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले उपलब्ध गराउने।

४. नीति कार्यान्वयनको नेतृत्वः

- मुलुकभरका सामुदायिक विद्यालयहरूमा अध्ययनरत छात्राहरूलाई आवश्यक पर्ने सेनिटरी प्याड विंतरणका लागि आवश्यक कार्यविधि बनाउने, नीतिगत मार्गदर्शन गर्ने र केन्द्रिय तहमा नीति कार्यान्वयनको नेतृत्व शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने।
- नीति कार्यान्वयनका लागि सतहत्तर वटै शिक्षा विकास तथा समन्वय इकाइहरूलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले परिचालन गर्ने।
- जिल्लाभित्रका स्थानीय तहहरूसँग समन्वय गर्ने तथा सेनिटरी प्याड प्रयोग गर्ने छात्राहरूको तथ्याङ्क यकिन गर्ने कार्य शिक्षा विकास तथा समन्वय इकाइले गर्ने ।
- आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई सेनिटरी प्याड वितरण व्यवस्थापनको नेतृत्व सम्बन्धित स्थानीय तहले गर्ने।
- सेनिटरी प्याड आवश्यक पर्ने छात्राहरूको लगत राख्ने, वितरण गर्ने, प्रयोग भएका प्याडहरूको उचित तरिकाले विसर्जनको व्यवस्था मिलाउने र सो को प्रतिवेदन सम्बन्धित स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइमा गर्ने जिम्मेवारी बिद्यालयको हुनेछ।

५. अन्तर निकाय समन्वयः

- उल्लेखित नीतिको कार्यान्वयन सम्बन्धमा अन्तरमन्त्रालय समन्वय तथा सहजीकरणको कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

६. अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदनः

- आफ्नो क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा सेनिटरी प्याड उपलब्ध भए नभएको, उपलब्ध प्याड निर्धारित गुणस्तरको भए नभएको, दुरुपयोग भए नभएको तथा विसर्जन उचित तवरले भए नभएको लगायतका बिषयमा सूक्ष्मरूपमा अनुगमन गरी परिपालना गराउने मुख्य जिम्मेवारी स्थानीय तहको हुनेछ।

सचिव सचिव

- प्रादेशिक तहमा सम्बन्धित प्रदेश सरकारका सामाजिक विकास मन्त्रालयले यस कार्यको अनुगमन तथा सहजीकरण गर्नेछ।
- समग्र कार्य प्रगतिको अनुगमन, नीतिको प्रभाव विश्लेषण तथा निरन्तर सुधारका कार्यहरु शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने गराउने।
- सम्बन्धित निकायहरुसँग समन्वय गरी प्रतिवेदन प्रणाली शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिलाउने।
- नतिजा अनुगमन एवम् अन्तरनिकाय समन्वय र सहजिकरण प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

७. कार्यक्रमको शुभारम्भः

- सेनिटरी प्याड वितरण कार्यको शुभारम्भ विशेष कार्यक्रम सहित चालु आर्थिक वर्षको कात्तिक १ गतेबाट सुरु गर्ने।

सचिव

सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं